# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्याः २५/०७९/०८० मितिः२०८०/०३/०३

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिता राम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**बैठक संख्या २५/०७९/०८० अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०३/०३**

१. समिक्षा सम्बन्धमा ।

अघिल्लो कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयनको समिक्षा गरियो ।

२. **भू उपयोग क्षेत्रको वर्गिकरणका सम्बन्धमा ।**

(१) भू उपयोग ऐन,२०७६ को दफा ४ को उपदफा (६) एवं भू उपयोग नियमावली २०७९ को नियम ५ को उपनियम (३) बमोजिम वडा समितिको निर्णयानुसार सिफारिस भई आएको भू उपयोग क्षेत्रको वर्गिकरणको आधार तथा मापदण्ड स्वीकृत गरी सोही मापदण्ड भित्र परेका जग्गाहरुको कित्ता अनुसारको विवरण स्वीकृत गरियो ।

(२) निर्णय नं (१) बमोजिमको मापदण्ड अनुसार प्राप्त कित्तागत विवरणमा कुनै जग्गाको कित्ता नं छुट भएको खण्डमा नगर सभाबाट अनुमोदन गर्ने गरी स्वीकृत मापदण्डको आधारमा निर्धारण गर्न वडा समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

३. **हेभी मेसिनरी उपकरण सञ्चालन सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा विभिन्न मितिको कार्यपालिकाको बैठकको निर्णयानुसार बजेट व्यवस्था भई अर्जुनधारा नगरपालिकाका विभिन्न स्थानहरुमा तटबन्धनको कार्य सञ्चालन भईरहेकोमा विगत केही दिन यता परेको वर्षात तथा आएको बाढीका कारण तटबन्धन योजना सञ्चालन गर्न कठिनाई भइरहेको छ । त्यस्ता तटबन्धन सम्बन्धि योजनाहरु तत्काल सम्पन्न नभएमा आगामी समयमा बाढी बस्तीतर्फ पस्ने जोखिम हुने र निर्माणाधिन परियोजनाहरुमा समेत क्षति पुग्ने भएको हुँदा ती आयोजनाहरुलाई समयमै सम्पन्न गर्नका लागि हेभी मेसिनरी उपकरण सञ्चालन गर्नका लागि वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा त्यस्ता आयोजनाका लागि हेभी मेसिनरी उपकरण सञ्चालनको लागि अनुमति दिने निर्णय गरियो ।

४. **आन्तरिक आय संकलनका लागि ठेक्का बन्दोवस्त सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको निम्न बमोजिमको आन्तरिक आय संकलनका लागि राजश्व परामर्श समितिको मिति २०८०/०३/०१ गतेको सिफारिस बमोजिम आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्ती) कार्यविधि,२०७५ बमोजिम निम्न बमोजिम न्यूनतम अङ्क कायम गरी आय संकलन ठेक्का बन्दोवस्तीका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | ठेक्काको विवरण | न्यूनतम कबोल रकम(रु) मू.अ.क. बाहेक |
|---|---|---|
| १ | आइतबारे बजार पशु चौपाया विक्री कर र साप्ताहिक हाट बजार कर र भिटौरी कर समेत | ३८,०५,३०८/- |
| २ | शनिश्चरे साप्ताहिक हाट बजार कोला बाजार खसी बजार गोसहाट शनिश्चरे | ५,००,०००/- |
| ३ | विज्ञापन कर | २,००,०००/- |

५. **स्टक प्रमाणिकरण सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिका भित्र व्यवसायीहरुले २०८० ज्येष्ठ मसान्त भित्रै संकलन गरी राखेका नदीजन्य पदार्थहरुको मौज्दात प्रमाणिकरणका लागि निवेदन प्राप्त गरेकोमा सो सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(१) मौज्दात प्रमाणिकरणका लागि २०८० आषाढ १५ गतेसम्मको म्याद दिई निवेदन संकलन गर्ने,

(२) प्राप्त निवेदन बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट प्राविधिकबाट स्थलगत अनुगमन तथा नाँपजाँच गरी प्राप्त हुने परिमाणमा देहाय बमोजिम शुल्क लिई मौज्दात प्रमाणिकरण गर्ने,

| सामाग्री | शुल्क (प्रति क्यू.फि.)रु |
|---|---|
| ढुङ्गा,गिटि | ४.५ |
| बालुवा | ३.५० |
| बलौट भरौट | २ |

(३) प्रमाणित मौज्दात ओसार पसारका लागि १५ दिनको समय दिने, २०८० श्रावण महिनाबाट ओसार पसारका लागि निषेध गर्ने,

(४) यस नगरपालिकाको चालु आर्थिक वर्षको लागि नदीजन्य पदार्थ उत्खनन संकलनका लागि इजाजपत प्राप्त ठेकेदारले संकलन गरेको सामाग्रीको मौज्दात प्रमाणिकरणका लागि प्रति घ.मि. रु १० का दरले शुल्क लिई मौज्दात प्रमाणिकरण गर्ने।

६. **विपद् व्यवस्थापन सहायता सम्बन्धमा ।**

गत ज्येष्ठ महिनामा आएको हावाहुरी तथा असिनापानीका कारण घरको टिनमा क्षति पुगेका व्यक्तिहरुको स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने अघिल्लो कार्यपालिकाको बैठकबाट कार्यदल गठन गरी जिम्मेवारी दिइएकोमा उक्त कार्यदलले दिएको सिफारिस बमोजिम पिडितहरुलाई घरको छाना (टिन) फेर्नका लागि नगरपालिकाको तर्फबाट प्रति बन्डल रु ७०००/- (सात हजार मात्र) का दरले राहत उपलब्ध गराउने निर्णय गरियो ।उक्त राहत रकम वितरणका लागि आवश्यक रकम नगरपालिकाले बाँडफाँड गर्न बाँकी रहेको स्थानीय राजश्व बाँडफाँडको रकमबाट रकमान्तर गर्ने निर्णय गरियो ।

७. **विविधः**

(१) अर्जुनधारा नगरपालिकाबाट चालु आर्थिक वर्ष २०७९/०८० का लागि स्वीकृत साझेदारी योजना डाँडागाउँ कैलासघाट बाटोमा प्लम्ब निर्माण योजनाका लागि निर्धारित लागत सहभागिता उपभोक्ताबाट जुट्न नसकेकाले उक्त विनियोजित रकमबाट साझेदारीमा उद्योग वाणिज्य संघको भवन निर्माण हुन ७ नं वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा उक्त प्लम्बन निर्माण सम्बन्धि योजनाका लागि विनियोजित बजेटबाट उद्योग वाणिज्य संघ भवन निर्माण साझेदारी आयोजना सञ्चालन गर्ने निर्णय गरियो ।साथै, ४ नं वडा कार्यालयको सिफारिस बमोजिम सो वडाको स्वीकृत वार्षिक बजेट अन्तर्गत हालसम्म खर्च नभएको खेलकुद शीर्षकको रकम सोही वडाको विपद् व्यवस्थापनमा खर्च गर्ने निर्णय गरियो ।

(२) यस अर्जुनधारा नगरपालिका भित्रका गर्भवती महिलाहरुको स्वास्थ्य परीक्षण(PNC Visit)खटिने स्वास्थ्यकर्मीहरुले नियमानुसार प्राप्त गर्ने भत्ता उपलब्ध गराउन चालु आर्थिक वर्षको स्वीकृत बजेटबाट अपुग भएको हुनाले चालु आर्थिक वर्षका लागि जोखिम प्रभावित गर्भवति महिला सहायता

कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट खर्च नभई बाँकी रकमबाट उक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

(३) प्रदेश सरकारबाट यस नगरपालिकाका लागि विपन्न दलित, आदिवासी जनजाती महिलाका लागि आत्मनिर्भर कार्यक्रम सञ्चालनका लागि प्राप्त अनुदानमा नगरपालिकाको तर्फबाट अपांगता आयमुलक सिपमूलक कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट रु १ लाख साझेदारी गरी उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

(४) यस अर्जुनधारा नगरपालिका वडा नं ९ को मिलन चौकबाट जयपुर जाने सडक कालोपत्रे गर्नका लागि सडक डिभिजन दमकबाट ठेक्का बन्दोवस्त भएकोमा उक्त सडकमा पर्ने कल्भर्टका लागि बजेट व्यवस्था नभएको र उक्त कल्भर्ट विना सडक कालोपत्रे पूर्ण नहुने भएकाले कल्भर्ट बापतको रकम यस नगरपालिकाबाट व्यवस्था हुन सम्बन्धित ठेकेदारबाट प्राप्त निवेदन एवं सडक डिभिजन कार्यालयबाट भएको सिफारिस बमोजिम प्राविधिक मूल्याङ्कन अनुसारको रकम भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।